मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

पैसा नभएको बैंक खाताको चेक दिँदा...

काठमाडौं, चैत १३। बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी धनकुटा नगरपालिका-६ घर भई काठमाडौं महानगरपालिका-११ बस्ने ६५ वर्षीय महेन्द्र नारायण श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ ।

उच्च अदालत पाटनको २०७९ माघ २० गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा चार दिन कैद र १४ लाख ४८ हजार ७ सय २८ रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको

(बाँकी अन्तिम पृष्ठमा)

◆ वर्ष : २८ ◆ अङ्क : १२९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ चैत १४ गते मंगलवार (Tuesday, March 28. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

श्रीमतीको हत्या आशंका, श्रीमान पक्राउ

विराटनगर, चैत १३। मोरङको पथरीशनिश्चरे नगरपालिका-३ किराँत चोकमा एक जना महिलाको हत्या भएको आशंका गरिएको छ ।

पथरीशनिश्चरे-३ की ४१ वर्षीया शारदा सुन्दासको हत्या भएको आशंका गरिएको हो । शारदा आफ्नै घरभित्र सोमबार बिहान ११:४५ बजेतिर मृत फेला परेकी थिइन् । घटनास्थल र शवको प्रकृति हेर्दा घटना शंकास्पद देखिएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी रञ्जनकुमार दाहालले जानकारी दिए । उनका अनुसार घटना शंकास्पद देखिएपछि शारदाका श्रीमान ६८ वर्षीय बलबहादुर सुन्दासलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ । इलाका प्रहरी कार्यालय पथरीका डीएसपी लक्ष्मी भण्डारी नेतृत्वको टोलीले श्रीमान बलबहादुरलाई नियन्त्रणमा लिएर शारदा मृत्यु प्रकरणको अनुसन्धान शुरु गरेको हो ।

प्रहरीले नियन्त्रणमा लिँदा बलबहादुर मदिराको नशामा लट्ठ थिए । घरभित्र ओछ्यानमा शारदाको शव भेटिएको थियो । अनुहारमा कालो दाग र नाकबाट रगत बगिरहेको अवस्थामा शव भेटिएपछि मृत्युलाई अस्वभाविक एवम् शंकास्पद मानिएको डीएसपी दाहालले बताए । उनका अनुसार त्यसलगत्तै घटनाको अनुसन्धानका लागि श्रीमानलाई नियन्त्रणमा लिइएको हो ।

कुटपिट गरेर पत्नी शारदाको हत्या गरेको आशंकामा बलबहादुरमाथि थप अनुसन्धान शुरु गरिएको दाहालको भनाइ छ । घटनास्थलको प्रकृति हेर्दा कुटपिट गरेर हत्या गरेजस्तो देखिने उनले बताए । तर, हालसम्म महिलाको मृत्युको कारण यकिन भइसकेको छैन ।

शवलाई पोस्टमार्टमका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएको छ । प्रारम्भिक अनुसन्धानबाट महिलाको मृत्युको कारण नखुलेकाले पोस्टमार्टम रिपोर्टको पर्खाइमा प्रहरी रहेको जानकारी दाहालले दिए । पोस्टमार्टम रिपोर्ट प्राप्त भएर थप अनुसन्धान गरेपछि घटनाको वास्तविकता पत्ता लाग्ने उनको भनाइ छ । शारदा बलबहादुरकी कान्छी पत्नी हुन् । प्रहरीका अनुसार उनीहरुका सन्तान छैनन् ।

डाक्टर बाह्रकोटी स्वास्थ्यको १२औं तहमा

डा. विकास देवकोटा डा. टंक बाह्रकोटी

झापा, चैत १३। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको रिक्त रहेको १२औं तहमा मेची प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर टंक बाह्रकोटीसहित दुई जना बढुवा भएका छन् ।

डाक्टर बाह्रकोटीसँगै सरकारले डा विकास देवकोटालाई १२औं तहको अतिरिक्त सचिवमा बढुवा गर्ने निर्णय गरेको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका एक कर्मचारीका अनुसार मन्त्रिपरिषदको बैठकले केही समयअघि बढुवा समितिले सिफारिस गरेका तीन जनामध्ये डा. देवकोटा र डा. बाह्रकोटीलाई बढुवा गर्ने निर्णय गरेको जानकारी दिए ।

मन्त्रिपरिषदले निर्णय गरे पनि उनीहरुले अहिलेसम्म पत्र भने बुझिसकेका छैनन् । मन्त्रालयको रिक्त १२औं तहका लागि २१ जनाले आवेदन दिएका थिए । तीमध्ये बढुवा समितिले डा. देवकोटा, डा. बाह्रकोटी र डा. श्रीकृष्ण श्रेष्ठको नाम सिफारिस गरेको थियो । १२औं तहमा बढुवा भएकामध्ये डा. देवकोटा हाल लुम्बिनी स्वास्थ्य मन्त्रालयको सचिवका रुपमा कार्यरत छन् ।

झापाका पालिका उपप्रमुख र उपाध्यक्षहरुको ६ बुँदे निर्णय

अब विषादियुक्त तरकारी र माछामासु आयातमा कडाइ

लक्ष्मी उप्रेती

मेचीनगर, चैत १३। भारतबाट झापामा विषादियुक्त तरकारी तथा गुणस्तरहीन माछामासु खुलेआम आयात हुँदा त्यसले जनस्वास्थ्यमा पारेको प्रभावबारे स्थानीय सरकारका प्रतिनिधिले गम्भीर छलफल गरेका छन् ।

जनस्वास्थ्यलाई प्राथमिकतामा राख्दै झापाका पालिका उपप्रमुख तथा उपाध्यक्षहरुले विषादियुक्त तरकारी तथा गुणस्तरहीन माछामासुको आयातमा कडाइ गर्न सामूहिक पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।

उक्त प्रतिबद्धतासहित पालिका उपप्रमुख र उपाध्यक्षहरुको समन्वय समितिको पहिलो बैठक विभिन्न छ बुँदे निर्णय गर्दै सोमबार मेचीनगरमा सम्पन्न भएको छ । समन्वय समितिकी संयोजक मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना पोखरेल उप्रेतीको अध्यक्षता तथा मेचीनगर नगरप्रमुख गोपालचन्द्र बुढाथोकीको विशेष उपस्थितिमा भएको बैठकमा पालिकाबीच सिकाइ आदानप्रदान गरिएको थियो । उनीहरुले आआफ्नो पालिकामा बिना परीक्षण विषादीयुक्त तरकारी तथा माछामासु बिक्री वितरणमा प्रतिबन्ध लगाउने तयारी गरेका हुन् । यसका लागि पालिकाभित्रको बजार अनुगमनलाई प्रभावकारी बनाउने उनीहरुको भनाइ छ । उनीहरुले विषादीयुक्त तरकारी तथा गुणस्तरहीन माछामासुको आयात तथा बिक्री वितरणमा रोक लगाउने गरी सहयोग गर्न जिल्ला प्रशासन कार्यालय, पशु क्वारेन्टाइनलगायत सरोकारवाला निकायमा समन्वय र सहयोगका लागि आग्रह गर्ने निर्णयसमेत गरेका छन् ।

'फर्मालिन हालेर ल्याएको मरेको माछा खादा उपभोक्ताको स्वस्थ्यमा गम्भीर समस्याहरु देखिन थालेको छ'- बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले भने- 'विषादि हालेको तरकारी र माछामासुको आयातमा कडाइ तथा बजार अनुगमनलाई प्रभावकारी बनाउनुको विकल्प छैन ।'

समन्वय समितिका संयोजक मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेतीले खाद्य सुरक्षाका लागि जिल्लाका सबै पालिकाले प्रभावकारी बजार अनुगमन गर्नुको विकल्प नरहेको बताइन् । उनले खुल्ला सीमानाको फाइदा उठाउँदै स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने तरकारी र माछामासु भारतबाट हुने अवैध एवम् वैध आयातमा निगरानी बढाउनुपर्ने बताइन् । जिल्लाको बिर्तामोड नगरपालिकाले भारतीय माछा बिक्रीवितरणमा रोक लगाएको छ । गत कात्तिकदेखि नगरपालिकाले नगरभित्रका बजारमा फर्मालिन हालेर भारतबाट ल्याइएका मरेका माछा बिक्रीवितरणमा रोक लगाएको हो ।

वैठकले सीमान्तकृत सन्थाल समुदायको पहिचान र आत्मसम्मानको कदर गर्दै यसअघि लेखिँदै आएको 'सतार' शब्दको सट्टा सन्थाल शब्द प्रयोग गर्ने र नामको पछाडि सम्बन्धित थर नै उल्लेख गर्ने निर्णय गरेको छ । यसअघिका कागजात तथा रेकर्डमा रहेको शब्द 'सतार' सच्याउने र तीनै तहका सरकारमा सोही बमोजिम कार्यान्वयन गर्न गराउन ध्यानाकर्षणसहित आग्रह गर्ने निर्णय समेत बैठकले गरेको छ ।

समुदायलाई होच्याउने, अपमानित गर्ने तथा भावनामा ठेस पुऱ्याउने 'सतार' शब्द नेपाली शब्दकोष, नागरिकता, सरकारी दस्तावेज, पुस्तकहरूमा तत्काल सच्याउन सन्थाल समुदायले तीनै तहका सरकारसमक्ष माग गर्दै आएको छ । महत्वपूर्ण सरकारी कागजातमा

(बाँकी अन्तिम पृष्ठमा)

संयोजकमा संग्रौला

झापा, चैत १३। झापाका पालिका उपप्रमुख र उपाध्यक्षहरुको समन्वय समितिको संयोजकमा बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला चयन भएका छन् ।

सोमबार निवर्तमान संयोजक मेचीनगरकी उपप्रमुख मिना पोखरेल उप्रेतीले माइन्यूटका साथ जिम्मेवारी हस्तान्तरण गरिन् । मेचीनगर नगरपालिका उपप्रमुख तथा निवर्तमान संयोजक उप्रेती, कनकाई नगरपालिकाकी आशा शर्मा शिवाकोटी, दमक नगरपालिकाकी रेगिना भट्टराई प्रसाईं, भद्रपुर नगरपालिकाकी राधा कार्की, गौरादह

(बाँकी अन्तिम पृष्ठमा)

मृगौला पीडितलाई मासिक ५००० माग

काठमाडौं, चैत १३। नेपाल सरकारले चालू आर्थिक वर्षको बजेटको बुँदा नं. १४१मा व्यवस्था गरेको मृगौला पीडितलाई डाइलासिसका लागि मासिक रूपमा रु. पाँच हजार दिने व्यवस्था सबै स्थानीय तहमा कार्यान्वयनको माग गरिएको छ ।

मृगौला पीडित सरोकार समाजले माइतीघर मण्डलामा आयोजना गरेको धर्नामा समाजका अध्यक्ष बलराम सुवेदीले सरकारले चालू आर्थिक वर्षको बजेटमा व्यवस्था गरेको पीडितलाई सहयोग गर्ने विषय सात सय ५३ वटै स्थानीय तहमा कार्यान्वयनमा नआएकाले धर्नामा बस्नुपरेको जानकारी दिए । यो व्यवस्था हालसम्म करिब दुई सय स्थानीय तहले मात्र कार्यान्वयनमा ल्याएको पनि उनले बताए ।

यो बजेट पीडितलाई चालू आर्थिक वर्षमा नदिए फ्रिज हुन्छ । सरकारले चालू आर्थिक वर्षमा मृगौला पीडितलाई दिन रु. एक अर्ब ५० करोड बजेट विनियोजन गरेको छ । त्यो बजेट सबै पीडितलाई सबै स्थानीय तहबाट तत्काल दिन शुरु गरिनुपर्ने समाजको माग छ ।

प्रधानमन्त्रीको चासोपछि समयमै पाउने भए विद्यार्थीले पुस्तक

काठमाडौं, चैत १३। हरेक वर्ष नयाँ शैक्षिकसत्र नजिकिँदै गर्दा विद्यार्थीले पाठ्यपुस्तक पाउने हुन् कि होइनन् भन्ने चिन्ता हरेक अभिभावकलाई हुने गर्छ । शैक्षिक सत्रको आधाआधी समयसम्म पनि विद्यार्थीले पुस्तक नपाएको गुनासो सदनदेखि सडकसम्म दोहोरिने हरेक वर्षको नियति जस्तै थियो ।

छपाइको जिम्मेवारी पाएका निकायले पनि टालटुले जवाफ दिएर पन्छिने गरेका थिए । सर्वत्र विरोध, चासो र चिन्ता हुँदा पनि तालुकदार निकायले पनि स्पष्ट जवाफ दिने गरेको थिएन । तर, यसपटक विगतको जस्तो अवस्था नदोहोरिने उनीहरुको दावी छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को नियमित चासोपछि यसपटक

(बाँकी अन्तिम पृष्ठमा)

पहिचान प्राप्तिका लागि एकजुट हुन आव्हवान

झापा, चैत १३। आदिवासी जनजाति कानूनी संगठन (लाहोरनिप) का महासचिव शंकर लिम्बूले पहिचान प्राप्तिका लागि एकजुट हुनुपर्ने बताएका छन् ।

प्रदेश नम्बर १ पुनः नामकरण संघर्ष समितिले सोमवार बिर्तामोडमा आयोजना गरेको जागरण अभियानलाई प्रशिक्षण दिँदै कानून विपरीत एक पक्षीय ढंगबाट प्रदेशको नामकरण गरिएको भन्दै त्यसलाई संशोधन गर्नका लागि पहिचान पक्षधरहरु एक जुट हुनुपर्ने उनले बताए ।

शान्तिपूर्ण आन्दोलनका क्रममा पदम लिम्बूमाथि प्रहरीले गरेको ज्यादति प्रहरीको मात्र दोष नभई आदेशदाता प्रधानमन्त्री, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुख हुँदै जवानहरुले आक्रमण गरेको हुँदा आदेशकारीहरुलाई कानूनी कठघरामा उभ्याएर छाड्ने महासचिव लिम्बूले चेतावनी दिए । हाम्रो आवाज निष्पक्ष ढंगबाट सरकारले सुन्न सकेन भने संयुक्त राष्ट्र संघको मानव अधिकार संगठनमा उजुरी गरिने उनले बताए ।

महासचिव लिम्बूले दलहरुले जारी गरेको विज्ञप्तिप्रति खेद प्रकट गर्दै संघीयता विरोधीप्रति मतदान गर्ने प्रदेश १का ८२ जना सभासदहरु लाजेहाडको हत्याको नायक भएको आरोप समेत लगाए । जागरण अभियानमा प्राध्यापक तथा संयुक्त संघर्ष समितिका नन्द कन्दङ्वाले प्रदेश नम्बर १ पुनः नामाङ्कन संयुक्त संघर्ष समितिलाई मोर्चाका रुपमा उभ्याउँदै गाउँ वस्तीसम्म समिति निर्माण गरेर लानुपर्ने सुझाव दिए । उनले कोशी

(बाँकी अन्तिम पृष्ठमा)

अझै उठाइएन लाजेहाङको शव

झापा, चैत १३। प्रदेश नामकरणविरुद्ध गत चैत ५ गते भएको प्रदर्शन क्रममा घाइते भइ मृत्यु भएका पदमबहादुर लिम्बू लाजेहाङको शव परिवारले अझै बुझेको छैन ।

लिम्बूको गत चैत १० गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारका क्रममा निधन भएको थियो । मोरङको बेलबारी नगरपालिका-२ लालभित्ती घर भएका ३७ वर्षीय लाजेहाङ सुनसरीको धरान बस्दै आएका थिए । पहिचानका आधारमा प्रदेशको पुनः नामकरण गरिनुपर्ने मागसहित पहिचानवादी

(बाँकी अन्तिम पृष्ठमा)

सहारा हाफ म्याराथन

कीर्तिमानी धावक मानन्धर र भेट्रान्स धावक लामा आउने

बिर्तामोड, चैत १३। यही चैत २१ गते झापाको चारपानेमा हुन गइरहेको सहारा हाफ म्याराथनमा नेपालका कीर्तिमानी धावक बैकुण्ठ मानन्धर र भेट्रान्स धावक बुद्धवीर लामा आउने भएका छन् ।

आयोजक सहारा नेपाल साकोस अतिरिक्त क्रियाकलाप उपसमिति संयोजक एवम् झापा जिल्ला खेलकुद विकास समिति अध्यक्ष प्रशान्त भण्डारीका अनुसार खेलाडीहरुको हौशला बढाउन ७१ वर्षीय मानन्धर र ६४ वर्षीय लामा आउने भएका हुन् । मानन्धरले सन् १९७६मा क्यानडाको मोन्ट्रियलमा भएको २२औं ओलम्पिकमा पहिलोपटक नेपालको प्रतिनिधित्व गरेका थिए । उनी लगातार चारपटकसम्म ओलम्पिकमा सहभागी हुने एक मात्र नेपाली खेलाडी हुन् ।

पहिलो दक्षिण एशियाली खेलकुदका स्वर्णधारी उनले ४१ वर्षसम्म एकछत्र राज गरेका थिए । नेपाली एथ्लेटिक्सका महापुरुष उनले कोलकातामा भएको तेस्रो साफमा बनाएको दुई घण्टा १५ मिनेटको रेकर्ड अझै पनि कसैले तोड्न सकेको छैन । सो बेला उनी ३६ वर्षका थिए ।

त्यस्तै, लामा साविक मेची अञ्चलको पहिलो धावक हुन् । उनले २०३१ सालमा राजविराजमा भएको राष्ट्रिय प्रतियोगितामा मेचीको प्रतिनिधित्व गरेका थिए । सो प्रतियोगितामा उनी म्याराथनतर्फ दोस्रो भएका थिए भने मानन्धर प्रथम भएका थिए । लामाले पाँच हजार मिटर र १० हजार मिटर भने ट्र्याक दौडिएका थिए । कक्षा ९को पढाइ सक्ने बेलामा भाग लिएका लामा सो बेला १६ वर्षका थिए ।

लामा त्यसको दुई वर्षपछि नेपालगञ्जमा भएको राष्ट्रिय प्रतियोगितामा पनि दोस्रो भएका थिए । त्यसपछि भने उनी खेललाई रोक्दै पढाइतर्फ लागे । लामा भेट्रान्सतर्फ एसियन १० औं हुन् । नेपालमा भएको ५० वर्षमाथिको म्याराथनमा उनी प्रथम भएका थिए । त्यस्तै, ताइवानमा भएको ५५ वर्ष उमेर समूहको एशियन प्रतियोगितामा उनी छैटौं र जापानको प्रतियोगितामा १०औं भएका थिए । लामाका चर्चित गीतहरु आज हाम्रो भेट भको दिन, बादलुको घुम्टोले, खुट्टा तान्दै गर, चलेछ बतास सुस्तरी लगायतका रचनाकार पनि हुन् ।

नेपालकै सबैभन्दा ठूलो र उत्कृष्ट सहकारी संस्था सहारा नेपाल साकोसले आफ्नो २८ औं स्थापना दिवसको अवसरमा पारेर हाफ म्याराथन प्रतियोगिता आयोजना गर्ने भएको हो । झापा जिल्ला खेलकुद विकास समितिको समन्वयमा संस्थाको अतिरिक्त क्रियाकलाप उपसमितिले प्रतियोगिता आयोजना गरेको हो । संस्थाको मूल कार्यालयबाट शुरु हुने प्रतियोगिता चारपाने चोक-प्रभुचोक-सांगवेद स्कुल-ओमचोक-कुशलचोक-अर्जुनधाराधाम-वरपीपलचोक-मिलडाँडा-प्रगतिटोल-भाडबारी-तामाङचोक-रातेखाल-बिरीङ खोलाको कञ्चे-पानीकल-लक्ष्मीपुर हुँदै सहारा साकोस शिक्षा सदनमा आएर टुंगिनेछ ।

प्रतियोगितामा महिला र पुरुषको अलग-अलग विधा हुनेछ । प्रतियोगितामा प्रथम हुनेलाई नगद ५१ हजार, दोस्रोलाई नगद ३१ हजार र तेस्रो हुनेलाई नगद २१ हजार रुपैयाँ प्रदान गरिने संस्थाका निर्देशक लक्ष्मण खतिवडाले जानकारी दिए । त्यस्तै, चौथोदेखि दशौंसम्म हुनेलाई नगद ५ हजार रुपैयाँ प्रदान गरिने बताइएको छ । प्रतियोगितामा १८ वर्षभन्दामाथिका खेलाडीहरुले सहभागिता जनाउन पाउनेछन् ।

फुटसल प्रतियोगिता हुँदै

बिर्तामोड, चैत १३। फुटसलको प्रवर्द्धन तथा खेलाडी उत्पादन गर्ने उदेश्यले बिर्तामोड नगर खेलकुद विकास समितिको आयोजनामा वडास्तरीय फुटसल प्रतियोगिता हुने भएको छ ।

नगर खेलकुद समितिले सोमवार बिर्तामोडमा पत्रकार सम्मेलन गरी चैत १७ र १८ गते वडा स्तरीय फुटसल प्रतियोगिता गर्ने जानकारी दिएको हो । बिर्तामोड नगरका १० वटै वडाका टिमहरु सहभागी रहने फुटसल प्रतियोगिता बिर्तामोड-१स्थित एब्सुलेटमा हुने बिर्तामोड नगर खेलकुद विकास समितिका अध्यक्ष विकास गिरीले जानकारी दिए । ४० मिनेटको प्रतियोगितामा बिजेता टिमलाई ५० हजार र उपबिजेता टिमलाई नगद २५ हजार मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने अध्यक्ष गिरीले बताए ।

त्यस्तै म्यान अफ द म्याचका ९ जनालाई जनही २ हजार एक सय रुपैयाँ नगद पुरस्कारसहित मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने नगर खेलकुद विकास समितिका सदस्य सुदिप खवासले जाकारी दिए । त्यस्तै बेष्ट प्लेयरलाई नगद ५ हजार रुपैयाँसहित मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने जनाइएको छ ।

बिहान ११ बजे देखि शुरु हुने प्रतियोगिताको उद्घाटन बिर्तामोड नगर प्रमुख पवित्रा महतरा प्रसाईले गर्ने बताइएको छ । वडाले खेलाडीहरु सिफारिस गर्ने बताउँदै अध्यक्ष गिरीले प्रतियोगिता सम्पन्न गर्न अनुमानित ३ लाख रुपैयाँ खर्च हुने बताएका छन् । कार्यक्रमको सञ्चालन नगर खेलकुद समितिका सदस्य विशाल अग्रवालले गरेका थिए ।

साइक्लिङ प्रतियोगिता

झापा, चैत १३। सबै पेशा र क्षेत्रका मानिसहरु अहिले साइक्लिङ प्रति आकर्षित बनेका छन् ।

खासगरी शारीरिक श्रम कम गर्ने शहर बजारका मानिसहरु साइक्लिङ प्रति आकर्षित हुँदै गएका हुन् । कोरोनाकालमा शारीरिक व्यायामका लागि रुचाइएको साइक्लिङ अहिले अधिकांशको रोजाइमा पर्ने गरेको छ । शारीरिक तन्दुरुस्तीका लागि फस्ट स्टेप फिटनेश बिर्तामोडले साइक्लिङ प्रतियोगिता गरेको छ । बिर्तामोडस्थित एक किलोमिटरबाट शुरु भएको साइक्लिङ अर्जुनधारा-११ सालवारी पुगेर समापन गरिएको प्रदीप राईले जानकारी दिए । प्रतियोगितामा २३ जनाको सहभागिता रहेको थियो । स्वस्थ जीवनका लागि साइक्लिङ भन्ने नारासहित प्रतियोगिता आयोजना गरिएको बताइएको छ ।

अब ...

सन्थाल जातिको पछाडि 'सतार' शब्द लेखिँदा आफूहरूले अपमानित महशुस गरेको सन्थाल समुदायको गुनासो छ । सन्थालका १२ वटा थर हुन्छन् ।

बैठक चिया क्षेत्रका समस्या र त्यसको समाधानमा समेत केन्द्रित रहेको थियो । निर्यातजन्य कृषिबाली चिया क्षेत्रको क्षेत्रफल यकिन गर्ने, आवश्यक नीति बनाउने, आवश्यक पर्ने मलखादको कोटा प्रणाली पालिकाबाटै निर्धारण तथा वितरण गर्ने गराउने समेत बैठकले निर्णय गरेको छ ।

जिल्लाभरि लागूऔषधको समस्या बढ्दो रहेको र त्यसको नियन्त्रणमा समेत सबैपालिका एकजुट भएर लाग्नुपर्ने निष्कर्ष बैठकको छ । खुल्ला सीमाका कारण मुख्य चुनौतिको रुपमा रहेको लागूऔषध नियन्त्रणलाई प्रभावकारी बनाउन प्रहरी कार्यालय तथा अन्य सरोकारवालासँग समन्वय गरेर कार्यमूलक तथा चेतनामूलक कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने र त्यसका लागि आवश्यक बजेट विनियोजन गर्ने बैठकले निर्णय गरेको छ ।

बैठकले झापाका उपप्रमुख र उपाध्यक्षहरुबीचको समन्वय तथा असल अभ्यास सिकाइ आदानप्रदानलाई नियमित र प्रभावकारी बनाउने निष्कर्ष पनि निकालेको छ । शिक्षा तथा स्वास्थ्य नीतिबारे छलफल गर्दै झापाका हरेक पालिकामा शिक्षा र स्वास्थ्य नीति बनाउने, नीति बनिसकेका पालिकामा शिक्षा र स्वास्थ्य नीति प्रभावकारीरुपमा कार्यान्वयन गर्ने पनि बैठकले निर्णय गरेको छ । पालिकाका सबै वडामा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा पुर्याउन स्वास्थ्य केन्द्र स्थापना गर्ने, केन्द्र बनिसकेका वडामा सेवा प्रभावकारी बनाउने, स्वास्थ्य स्वयम्सेविकालाई प्रोत्साहन गर्ने नीति समेत अवलम्बन गर्ने निर्णय बैठकले गरेको छ ।

बैठकमा मेचीनगर नगरपालिकाका शिक्षा शाखा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत होमनाथ भण्डारी र स्वास्थ्य शाखा प्रमुख सविता सापकोटा निरौलाले नगरभित्रको शिक्षा र स्वास्थ्यका विषयमा जानकारी गराएका थिए । बैठकको अध्यक्षता गर्दै सञ्जाल संयोजक तथा मेचीनगर नगरपालिका उपप्रमुख उप्रेतीले पुस १३ र १४ गते इटहरीमा सम्पन्न झापाका १५ वटै पालिकाका उपप्रमुख र उपाध्यक्षहरुको दुई दिने भेलाबाट जारी पाँच बुँदे साझा प्रतिबद्धताका बारेमा जानकारी गराइन् ।

पालिकाहरुबीच सिकाइ आदानप्रदान र उपप्रमुख र उपाध्यक्षहरुले आफ्नो जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पादन गर्नका लागि टेवा पुर्‍याउने उद्देश्यले उपप्रमुख तथा उपाध्यक्षहरुको समन्वय समिति बनाइएको उनले बताइन् । सञ्जालको बैठक हरेक दुई महिनामा गर्ने निर्णय अनुसार मेचीनगरमा बैठक सम्पन्न भएको हो ।

पहिलो दुई महिनाका लागि सञ्जालको संयोजकमा मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना पोखरेल उप्रेती सर्वसम्मत रुपमा चयन भएकी थिइन् । सञ्जालमा १५ वटै पालिकाका उपप्रमुख तथा उपाध्यक्षहरु सदस्य रहेका छन् । बैठकको संयोजन संवाद समूह झापाले गरेको थियो ।

संयोजकमा ...

नगरपालिकाकी जलवर्षा राजवंशी, अर्जुनधारा नगरपालिकाकी खड्गमाया पराजुली र शिवसताक्षी नगरपालिकाकी नरमाया कार्की सञ्जालको सदस्यमा चयन भएका छन् ।

त्यस्तै सञ्जालको सदस्य रहेका पालिका उपाध्यक्षहरुमा बुद्धशान्ति गाउँपालिकाका भवानीप्रसाद खतिवडा, कचनकवल गाउँपालिकाका नवराज भट्टराई, झापा गाउँपालिकाकी अञ्जु थपलिया, कमल गाउँपालिकाकी प्रमिला न्यौपाने, बाह्रदशी गाउँपालिकाकी शान्तादेवी शिवाकोटी खरेल, गौरीगञ्ज गाउँपालिकाकी पुजन न्यौपाने कुँवर र हल्दिवारी गाउँपालिकाकी लक्ष्मी मैनाली रहेका छन् । आगामी बैठक आवासीय रुपमा इलामको रोङमा गर्ने समितिले निर्णय गरेको छ ।

नियमित बैठकमा पालिकाका उपप्रमुख तथा उपाध्यक्षहरुले भोगिरहेका चुनौति र समस्या तथा तिनका समाधानका लागि निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा छलफल हुँदै आएको छ ।

प्रधानमन्त्रीको ...

विद्यार्थीले समयमै पाठ्यपुस्तक पाउने सम्भावना बढेर गएको हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव रामकृष्ण सुवेदीले पनि पाठ्यपुस्तक छपाइ र वितरणमा कुनै पनि समस्या आउन नदिन केन्द्रलाई बारम्बार निर्देशन दिएका छन् । नियमित रुपमा अनुगमन पनि भइरहेको छ । छपाइको गुणस्तरमा समेत ध्यान दिइएको छ- झाले भने- सम्बद्ध निकायबाट प्राप्त निर्देशनलाई अक्षरशः कार्यान्वयन गरिएको छ । चैतभित्रै सबै विद्यालयमा पुस्तक पुर्‍याउने योजनाका साथ केन्द्रले काम गरिरहेको उहाँको भनाइ छ । यसका लागि लागि देशभर आठ वटा वितरण केन्द्रमा यही चैत २० गतेभित्रै पुस्तक पुर्‍याइनेछ । हालसम्म ती वितरण केन्द्रमा एक करोड थानभन्दा बढी पाठ्यपुस्तक पुगिसकेको छ ।

शैक्षिकसत्र शुरु भइसक्दा समेत विद्यार्थीले पुस्तक नपाउँदा विगतका वर्षमा सरकारको आलोचना हुने गरेको थियो । यसपटक भने समयमै पुस्तक पुर्‍याउन हरसम्भव प्रयास गरिएको प्रवन्ध निर्देशक झाको भनाइ छ ।

केन्द्रले कक्षा एकदेखि पाँचसम्मको पाठ्यपुस्तक भने निजी क्षेत्रलाई जिम्मा दिएको छ । आगामी वैशाख १ गतेदेखि नयाँ शैक्षिकसत्र शुरु हुँदैछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुवेदीले सबैको चासो, नियमित अनुगमनलगायतका कारणले गर्दा यसपटक विद्यार्थीले समयमा नै पाठ्यपुस्तक पाउने सुनिश्चितता भएको जानकारी दिए । उनले निजी क्षेत्रका छापाखानाले पनि समयमै छपाइ सम्पन्न गरी वितरण गर्ने विश्वास मन्त्रालयले लिएको बताए । निजी छापाखानाको अनुगमन र विवरण भने पाठ्यक्रम विकास केन्द्रले दैनिक रुपमा लिइरहेको छ ।

पैसा ...

प्रहरीले ललितपुर भैसेपाटीबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत ललितपुरमा पेश गरिएकोमा अदालतको आदेशले कैद भुक्तानका लागि कारागार कार्यालय नख्खु ललितपुर पठाइएको छ । उनले पैसा नभएको बैंक खाताको चेक दिएर बैंकिङ कसुर गरेका थिए ।

२८ लाख थान छपाइ भइसकेको छ । कक्षा सातका लागि पनि समान २८ लाख ५० हजार थान पाठ्यपुस्तक आवश्यकमध्ये २८ लाख पाठ्यपुस्तक छपाइ भइसकेको केन्द्रका प्रवन्ध निर्देशक अनिल झाले जानकारी दिए ।

यस्तै कक्षा आठका लागि २९ लाख थान पाठ्यपुस्तक चाहिनेमा आजसम्म २२ लाख थान पुस्तक छपाइ भइसकेको छ । थप सात लाख थान पुस्तक छाप्न बाँकी छ । कक्षा ९का लागि ३२ लाख थान पाठ्यपुस्तक चाहिनेमा हालसम्म २९ लाख पुस्तक छपाइ भइसकेको छ । बाँकी रहेको तीन लाख थान पुस्तक चैतभित्रै छपाइ र वितरण गरिसक्ने केन्द्रको तयारी छ । साथै कक्षा १०का लागि ३२ लाख थान पुस्तक चाहिनेमा हालसम्म कूल २८ लाख थान छपाइ भइसकेको र अब चार लाख थान छपाइ हुन बाँकी रहेको केन्द्रको दावी छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले छपाइ र वितरणको सूचना हरेक दिन उपलब्ध गराउन केन्द्रलाई निर्देशन दिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि

अझै ...

संगठनहरुले बिराटनगरमा गरेको प्रदर्शनीका क्रममा सशस्त्र प्रहरीको गोली लागी उनी घाइते भएको र उपचारकै क्रममा निधन भएको दावीसहित 'प्रदेश नम्बर १ पुनः नामकरण संयुक्त संघर्ष समिति'ले उनको शव बुझ्न नमानेको बताइएको छ ।

पहिचानवादी समूहले गरेको प्रदर्शनका क्रममा सुरक्षाकर्मीको लाठी प्रहारबाट लिम्बू घाइते भएका र उनको उपचारका क्रममा मृत्यु भएकाले आफूहरुको माग सम्बोधन नभएसम्म शव नबुझ्ने संयुक्त संघर्ष समितिका सदस्य सञ्जुहाङ पालुङ्वाले बताए । लाजेहाङको शव धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको शव गृहमा राखिएको पालुङ्गाको भनाइ छ ।

यता लाजेहाङको परिवारलाई कोशी प्रदेश सरकारले ३ लाख रुपैयाँ राहत दिने निर्णय गरेको छ । सोमवार बसेको मन्त्रीपरिषद्को बैठकले लाजेहाङको परिवारलाई राहत दिने निर्णय गरेको हो । लिम्बूको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै श्रद्धाञ्जली समेत व्यक्त गरिएको छ ।

यसैबीच प्रदेश नामकरणको विरोधमा गरिएको प्रदर्शनका क्रममा लाजेहाङको निधन भएको घटनाप्रति प्रहरीले अनुसन्धान शुरु गरेको छ । घटनामा संलग्नबिरुद्ध कर्तव्य ज्यान मुद्दा चलाउने तयारी गरेको बताइएको छ । पहिचानका आधारमा प्रदेशको पुनःनामकरण गरिनुपर्ने मागसहित पहिचानवादी संगठनहरु आन्दोलित छन् ।

पहिचान ...

प्रदेश नाम वहुपदीयबाट नभई नश्लीय चेतबाट रातारात घोषणा गरिएको भन्दै आपत्ति जनाए ।

कार्यक्रममा संघर्ष समिति सचिवालय सदस्य सञ्जुहाङ पालुङ्वाले आन्दोलनलाई वैचारिक रुपमा अघि बढाउनुपर्ने भन्दै लाजेहाङको शव अपहेलित अवस्थामा राखिएको हुँदा त्यसको उचित व्यवस्थापन नगरेकोप्रति खेद् व्यक्त गरे । संघर्ष समितिका राम मादेनले संविधानमा अधिकारका कुराहरुलाई कञ्जुस्याइँ गरेर कोशी नाम राख्दै पहिचान पक्षधरलाई दवाउने प्रयास भएको आरोप लगाए ।

जागरण अभियानमा जनजाति महासंघका उपाध्यक्ष केवलराम राई, जनजाति महासंघका झापाका पूर्व अध्यक्ष भरत श्रेष्ठ, किरात राई यायोक्खाका जिल्ला अध्यक्ष गणेश राई लगायतले बोलेका थिए ।

संघर्ष समितिका झापा अध्यक्ष पाण्डवलाल चौधरीको सभापतित्वमा भएको कार्यक्रममा महिला नेतृ सरु सिङ्गक, याक्थुम चुम्लुङका केन्द्रीय उपाध्यक्ष डा. कमल तिगेला, राष्ट्रिय जनमुक्ति पार्टीका महिला नेतृ मिना पन्धाक, वुद्धिजीवी संगठनका देसु वनेम, फोनिजका दीपिन राई लगायतको आतिथ्य रहेको थियो । संघर्ष समितिका सचिव सेसेहाङ फियाक र लक्ष्मण ज्वेल श्रेष्ठले सञ्चालन गरेको जागरण अभियानमा उल्लेख्य सहभागिता रहेको थियो । अभियानलाई मूर्तरुप दिन १४ जिल्लामा जागरण अभियान सञ्चालन हुँदै गएको संघर्ष समितिका सदस्य कुमार साम्योक लिम्बूले बताए ।

बिक्री तथा भाडामा

अर्जुनधारा-८, शनिश्चरे बजारमा सेमी कमर्सियल ११ धुर र अर्जुनधारा-४, बागेडाँगीमा बस्तीभित्र बसोबासका लागि १/१ कट्ठाका पाँच वटा राम्रो घडेरी बिक्रीमा :- बसोबास र खेतीको लागि उपयुक्त ८ कट्ठा जमिन पनि सुपथ मूल्यमा बिक्रीमा छ ।

१ विगाहाको कम्पाउण्ड र घर समेतको कृषि फर्म भाडामा छ । शनिश्चरे बजारमा एनआइसी बैंकको अगाडि पहिलो तल्लामा बैंक, सहकारी, अफिस, रेष्टुरेन्ट वा अन्य व्यवसाय आदिका लागि २१०० वर्गफिट भाडामा साथै दाउरा र काँस (खर) समेत बिक्रीमा छ ।

फोन सम्पर्क : ९८४१२९८५८३, ९८१५०८०३९१, ९८१८८७३५७९

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
कोशी प्रदेश, नेपाल

संशोधन गरिएको सूचना

मितिः २०७९।१२।१४

पूर्वाञ्चल दैनिकमा मिति २०७९।१२।०७मा प्रकाशित यस कार्यालयको पशुजन्य औषधि खरीद सम्बन्धी सूचनामा दरभाउपत्र इबिडको माध्यमबाट मात्र खरिद र दाखिला मिति २०७९।१२।२२को मध्यान्ह १२.०० बजेभित्र गर्न सकिने हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश नेपाल

प्रकाशित मिति : २०७९/१२/१३

करारमा कर्मचारी लिने सम्बन्धी सूचना

यस ब्राह्दशी गाउँपालिकाको निर्णयानुसार देहायका पदहरुमा करारमा कर्मचारी लिने सम्बन्धी १५ दिने सूचना मिति २०७९।१०।१४ गते प्रकाशन भई विशेष कारणले मिति २०७९।१०।१९ गतेदेखि स्थगन गरिएकोमा सोही सूचना पुनःसुचारु गर्ने भनी यस गाउँपालिकाको मिति २०७९।१२।०५ गतको कार्यपालिकाको बैठकबाट निर्णय भएकोले यो सूचना प्रकाशन भएको मितिले १० दिनभित्र प्रचलित कानून अनुसार योग्य नेपाली नागरिकहरुले तोकिएको ढाँचामा आवेदन फारम भरी राजश्व तिरेको रसिदसहित दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क.सं.	विज्ञापन नं.	पद	तह	संख्या	पारिश्रमिक	नियुक्तिको किसिम	दरखास्त दस्तुर(रु)	योग्यता
१	७/०७९/०८०	फार्मेसी असिस्टेन्ट	सहायक पाँचौ	१	नेपाल सरकारको स्केल बमोजिमको मासिक पारिश्रमिक	करार	१०००/-	मान्यता प्राप्त शिक्षण संस्थाबाट डिप्लोमा इन फार्मेसी विषयमा उत्तीर्ण भएको र नेपाल फार्मेसी परिषद्बाट दर्ता भई म्याद ननाघेको हुनुपर्छ ।
२	८/०७९/०८०	स्टाफ नर्स	सहायक पाँचौ	१	नेपाल सरकारको स्केल बमोजिमको मासिक पारिश्रमिक	करार	१०००/-	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स विषयमा उत्तीर्ण भएको र नेपाल नर्सिङ परिषद्मा दर्ता भई म्याद ननाघेको हुनु पर्ने ।
३	९/०७९/०८०	अ.हे.व	सहायक चौथो	१	नेपाल सरकारको स्केल बमोजिमको मासिक पारिश्रमिक	करार	१०००/-	मान्यता प्राप्त शिक्षण संस्थाबाट CMA विषयमा उत्तीर्ण भएको, नेपाल स्वास्थ्य व्यावसायिक परिषद्मा दर्ता भई म्याद ननाघेको हुनुपर्नेछ ।
४	१०/०७९/०८०	अ.न.मी	सहायक चौथो	१	नेपाल सरकारको स्केल बमोजिमको मासिक पारिश्रमिक	करार	१०००/-	मान्यता प्राप्त शिक्षण संस्थाबाट ANM विषयमा उत्तीर्ण भएको, नेपाल स्वास्थ्य व्यावसायिक परिषद्मा दर्ता भई म्याद ननाघेको हुनुपर्ने छ ।

(१) आवेदन फारम बाह्रदशी गाउँपालिकाको कार्यालय र Website :bahradashimun.gov.np मा प्राप्त गर्न सकिने छ ।
(२) दरखास्त दिने अन्तिम मिति : २०७९/१२/२२ गते कार्यालय समय भित्र । (३) आवेदन बुझाउने स्थान : बाह्रदशी गाउँपालिकाको कार्यालय, चकचकी, झापा ।
(४) परीक्षाको किसिम : लिखित र अन्तरवार्ता (५) परीक्षा हुने मिति : अर्को सूचना प्रकाशन गरिनेछ ।
दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि
- सेवा सम्बन्धी तालिम तथा अनुभव प्रमाणपत्रको प्रतिलिपि
- नेपाल स्वास्थ्य व्यावसायिक परिषदमा दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि,
- दरखास्त फारम साथमा यस कार्यालयमा रु १०००/- तिरेको रसिद हुनुपर्छ ।
- उमेरको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्छ ।
- पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्ने छ ।

पुनश्च : मिति २०७९।१०।१४ देखि सूचना स्थगन नभए सम्मको अवधिका दस्तखत पेश गर्ने उम्मेदवारले पुनः दरखास्त पेश गर्नुपर्ने छैन ।

खेमराज थापा: प्रमुख प्रशासकीय अधिकृत

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

पत्रकारिता विश्वासयोग्य होस्

नेपाली पत्रकारिताको विश्वसनीयता कम हुँदै गएको सन्दर्भमा राजधानी काठमाण्डौंमा आयोजित एक कार्यक्रमका वक्ताहरुले त्यसो हुनुका कारणहरुका बारेमा विमर्श गरेका छन् । नेपाल पत्रकार महासंघ, पत्रकारिता तथा आमसञ्चार प्राज्ञिक विभागको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले हाल देखिएका समस्याहरुको पहिचान र तिनको समाधान गर्नुपर्नेमा जोड दिए । सञ्चारमाध्यमका विषयवस्तु सामाजिक न्यायका लागि हुनुपर्नेमा आजको पत्रकारिता कुनै दल विशेष, अभियान र स्वार्थ विशेष हुने गरेको छ । जसका कारण पत्रकारिताप्रति जनआस्था, विश्वास र अपेक्षा पनि कम हुँदै गएको हो ।

आजको पत्रकारिता : अबको पत्रकारिता : शीर्षकमा भएको अन्तरक्रियामा सञ्चार क्षेत्रका विज्ञ तथा अग्रज पत्रकारहरुको सहभागिता थियो । कार्यक्रममा महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेलले पत्रकारिताप्रति प्रश्न उठ्ने गरेको भन्दै ती प्रश्नहरुबाट भाग्न नसकिने बताए । प्रविधियुक्त आजको पत्रकारिता पेशामा अवसर र चुनौति दुबै विद्यमान रहेको उनको भनाइ थियो । त्यस्तै महासंघका पूर्व अध्यक्ष डा. सुरेश आचार्यले आजको पत्रकारिता पेशागत सिद्धान्तबाट बिमुख हुँदै गएको भन्दै यस विषयमा निरन्तर बहस र छलफल हुनुपर्ने बताए । अर्का वक्ता पूर्वअध्यक्ष डा. महेन्द्र बिष्टले पनि आजको पत्रकारितामा कमी–कमजोरी रहेको भन्दै त्यसलाई तत्काल सच्याउनुपर्नेमा जोड दिए ।

आमसञ्चार क्षेत्रको शीर्ष संस्था महासंघ र नियमनकारी निकाय प्रेस काउन्सिल समेतको सहभागिता रहेको कार्यक्रममा काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकार आचारसंहिता र निर्देशिकाको पालना नगर्ने सञ्चारमाध्यमलाई कारवाही गर्ने बताए । सञ्चार क्षेत्र ठूलो अपेक्षा र निजी स्वार्थ पूरा गर्ने थलो होइन । बरु यस क्षेत्रले समाज रुपान्तरणका लागि प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ । तर, आज यो क्षेत्र निर्दिष्ट लक्ष्य, उद्देश्य र सिद्धान्तबाट निरन्तर स्खलित भइरहेको छ । एक त वैश्विक महामारीले सञ्चार जगत पनि जर्जर बनिएको छ, त्यसमाथि पेशागत मर्यादा र आचारसंहिता विपरीतका गतिविधिले यसप्रतिको विश्वसनीयता कम हुँदै गएको छ । त्यसैले यसको मर्यादाको रक्षाका लागि पनि सञ्चारसंस्था तथा पत्रकारहरुले पेशागत धर्मको पालना गर्नैपर्छ । अनि मात्र गुम्दै गएको विश्वसनीयतालाई कायम राख्दै सामाजिक उत्तरदायित्व निर्वाह गर्न सकिन्छ ।

बैंकिङ क्षेत्रको संकट



विजयराज पोखरेल

निजी क्षेत्रका व्यापार/व्यवसाय सम्बद्ध विभिन्न सङ्घ-संस्थाले अघिल्लो सरकारको पालादेखि नै सडकमा बैङ्क तथा वित्तीय संस्थाबिरुद्ध आक्रोश पोख्ने क्रम जारी राखेकामा गएको मंसीरमा तोकिएको निर्वाचनको कारण देखाई आन्दोलन स्थगित गरेका थिए । निर्वाचनपश्चात् नयाँ सरकार गठनसँगै पुनः तातिएका व्यवसायीहरूले तत्कालीन अर्थमन्त्री विष्णु पौडेलको आश्वासनमा आन्दोलन स्थगित गरे । फागुनको अन्तिम साता उक्त आन्दोलन पुनः घोषणा गरियो । सडक सङ्घर्षका क्रममा नेपाल राष्ट्र बैङ्क परिसर अगाडि समेत धर्ना दिने कार्य भयो ।

देशका विभिन्न स्थानमा बैङ्क तथा वित्तीय संस्थाबिरुद्ध दबाब र त्रास फैलाउने अराजक गतिविधि बढ्दै गएको समाचार दिनहुँजसो बाहिरिइरहेका छन् । यस्ता घटनाक्रमहरूले बैङ्क तथा वित्तीय संस्थाहरूका क्रियाकलापलाई प्रभावित पारी देशको आर्थिक गतिविधिलाई थप सङ्कुचनमा पुऱ्याउने हो कि भन्ने चिन्ता बढाएको छ । नेपाल बैङ्कर्स सङ्घ, डेभलपमेन्ट बैङ्कर्स एसोसिएसन नेपाल, नेपाल वित्तीय संस्था सङ्घ, नेपाल लघुवित्त बैङ्कर्स सङ्घले हालै संयुक्त विज्ञप्ति जारी गर्दै केही व्यक्ति/समूहबाट कर्मचारी माथि भएको अभद्र व्यवहार, साङ्गठनिक हमला एवम् कार्यालहरूमा तालाबन्दीप्रति आपत्ति जनाएको छ । यसै क्रममा बैङ्क तथा वित्तीय संस्था परिसङ्घले समेत बैङ्किङ क्षेत्र माथिको लुटपाट र आक्रमण रोक्न सरकारसँग माग गरेको छ । प्रधानमन्त्रीले समेत बैङ्क तथा वित्तीय संस्था र कार्यरत कर्मचारीको सुरक्षामा ध्यान दिन सुरक्षा प्रमुखहरूलाई निर्देशन दिनुपर्ने अवस्थाले बैङ्किङ क्षेत्रको संवेदनशिलता प्रस्ट हुन्छ ।

विगतमा देशको वित्त क्षेत्रमा सरकारी बैङ्क मात्र हाबी रहेको अवस्थामा कृषि विकास बैङ्क मात्र दूरदराजसम्म फैलिएको बैङ्क थियो । उक्त बैङ्कबिरुद्ध पनि बेलाबखत ऋण पीडित समूहको नाममा केही समूहहरू आमकर्जाग्राहीलाई भड्काउने कार्यमा नलागेका होइनन् । २०५२ सालमा जनयुद्ध शुरु भएपश्चात् बैङ्कको कर्जा नतिर्न खबरदारी गराइयो । कृषक बैङ्कमा छिर्न डराउन थाले भने बैङ्कका कर्मचारी गाउँघर पस्न । तत्कालीन समयमा व्याप्त असुरक्षाका कारण ग्रामीण क्षेत्रमा रहेका यस बैङ्कका शाखा र साना किसान विकास आयोजनाका कार्यालय सदरमुकाममा खुम्चिए । गाउँघरका जनता वित्तीय सुविधाबाट वञ्चित हुन पुगे । सशस्त्र द्वन्द्वको करिब एक दशक देशकै आर्थिक गतिविधि सङ्कुचनमा पुगेको तथ्य जगजाहेर छ ।

अहिले निसानामा लघुवित्त संस्थाहरू बढी परेका छन् । स्वरोजगार मार्फत गरिबी न्यूनीकरणको दिशामा लघुवित्तको भूमिकालाई बेवास्ता गर्न सकिँदैन । विश्वभरि नै विपन्न वर्गको उत्थानमा लघुवित्तलाई महत्त्वपूर्ण मानिएको अवस्थामा नेपालमा यसको अस्तित्वमाथि नै प्रश्न उठाइनु सान्दर्भिक नहोला । सेवा प्रवाहका क्रममा लघुवित्तीय संस्थाहरूका कुनै शाखामा भएका कमी-कमजोरीलाई समग्रतामा हेरिनु जायज हुँदैन । समस्याको समाधान अराजक गतिविधिबाट किमार्थ हुन सक्दैन । यसको विकल्प भनेको सरोकारवाला निकायसँगको संवाद र छलफल नै हो ।

हो, देश अहिले जटिल आर्थिक परिस्थितिबाट गुज्रिरहेको छ । कोभिड-१९ का कारण झन्डै दुई वर्ष थलिन पुगेको अर्थतन्त्र तङ्रिन नपाउँदै गत वर्षदेखि शुरु भएको रुस-युक्रेन युद्धले विश्वकै अर्थतन्त्र खलबल्याइरहेको छ । गत वर्ष उच्च आयात, न्यून निर्यात र विप्रेषण आप्रवाहमा उच्च गिरावटका कारण देशले श्रीलङ्काको नियति भोग्नुपर्ने हो कि भन्ने चिन्ता छायो । केही विलासी वस्तुको आयातमा प्रतिबन्धका साथै प्रतीतपत्र कारोबारमा शतप्रतिशत मार्जिन कायम गर्नुपर्ने बाध्यात्मक व्यवस्था लागू गरियो । अर्कोतर्फ यसबाट भन्सार राजस्व प्रभावित हुन पुग्यो ।

यस वर्षका पछिल्ला महिनामा विप्रेषण अप्रवाह र विदेशी मुद्रा सञ्चितिमा क्रमिक सुधार भएपछि आयातका बन्देजहरू खुला गरिए पनि उच्च मूल्यवृद्धि र घट्दो उपभोगका कारण देशले आर्थिक मन्दीको मार खेपिरहेको छ । देशको बजेट खर्चभन्दा राजस्व सङ्कलन कम हुँदा चिन्ता थपिएको छ । चालु अर्थिक वर्षको आठ महिनामा बजेट घाटा एक खर्ब ५६ अर्ब ४४ करोड नाघेको छ । पुँजीगत खर्चले यो वर्ष पनि विगत कै नियति भोग्दै छ । भएका उद्योगधन्दा न्यून क्षमतामा सञ्चालन हुन पुगेका छन् । गत वर्षदेखि नै बैङ्किङ क्षेत्रमा देखिएको तरलता अभावले गर्दा ब्याजदरमा दुई अङ्कको वृद्धि देखा पऱ्यो । बढ्दो मुद्रास्फीर्तिका बीच बैङ्कको ब्याजमा वृद्धि हुँदा कर्जा लिई व्यवसाय गर्नेहरूमा तनाव थपिने नै भयो ।

उद्योगी व्यवसायीहरूको माग ब्याजदर एकल अङ्कमा झार्नु पर्छ भन्ने छ । बैङ्कको निक्षेप सङ्कलन नै महँगो भएपछि कर्जाको ब्याजदर समेत बढ्ने नै भयो । नेपाल राष्ट्र बैङ्कको २०७९ माघको प्रतिवेदन अनुसार वाणिज्य बैङ्कहरूको औसत आधार दर नै १०.७२ प्रतिशत छ । बैङ्किङ व्यवसाय देशकै अर्थतन्त्रको एक अंश भएकाले समग्र अर्थतन्त्रमा आएको उतारचढावको प्रभाव यसमा पनि निश्चित रूपले पर्छ नै । अहिले बैङ्क तथा वित्तीय संस्थामा पनि सङ्कट मडारिएको छ । कर्जा चक्र खलबलिँदा बैङ्कको खराब कर्जा बढ्दो छ । पत्रपत्रिकामा दैनिकजसो भाखा नाघेको कर्जा तिर्ने र धितो लिलामीका सूचनाहरूले पाना भरिएको देख्न पाइन्छ ।

नेपाल राष्ट्र बैङ्कको विवरण अनुसार २०७९ असार मसान्तसम्म औसत निष्क्रिय कर्जा अनुपात १.३१ प्रतिशत रहेकोमा माघ मसान्तमा आइपुग्दा बढेर २.६३ प्रतिशत पुगेको छ । अर्कोतिर खुद्रा कर्जा प्रदायक लघुवित्तीय संस्थाहरूको गत असारमा २.५६ प्रतिशत रहेको निष्क्रिय कर्जा अनुपात पुससम्ममा ४.६८ भएको छ । कालोसूचीमा समावेश हुनेहरूको नामावली पनि लम्बिँदो छ । कर्जा सूचना केन्द्रको विवरण अनुसार २०७८ सालभरमा नौ हजार पाँच सय ५० देखिएकोमा २०७९ को वैशाखदेखि चैत ८ सम्म मात्र २२ हजार एक सय ८१ जना थपिएको देखिन्छ । यी यावत् तथ्यले बैङ्किङ क्षेत्रको खस्कँदो स्वास्थ्यको सङ्केत गर्छ । बैङ्किङ क्षेत्र समस्याग्रस्त भएमा यसले सम्पूर्ण अर्थतन्त्रलाई नै नराम्ररी थला पार्न सक्ने भएकाले समयमै सजग हुन आवश्यक छ ।

समयमा कर्जाको किस्ता र ब्याज नतिरेको अवस्थामा बैङ्कले ताकेता गर्नु स्वाभाविक नै हो । लिखित तथा मौखिक ताकेता गर्दा पनि भाखा नाघेको कर्जा असुली नहुँदा पत्रपत्रिकामा नाम प्रकाशन, धितो लिलाम बिक्रीका साथै कालोसूचीसम्मका प्रक्रिया अगाडि बढ्छन् । कर्जाको प्रमुख स्रोत नै निक्षेप रहेको हुँदा निक्षेपकर्ताको हितको सुरक्षा हुने गरी बैङ्कले कर्जा प्रवाह गर्नुपर्छ । बैङ्किङ कारोबारमा नेपाल राष्ट्र बैङ्क ऐन, बैङ्क तथा वित्तीय संस्था ऐनका साथै बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन आकर्षित हुन्छन् ।

निश्चय पनि ग्राहकले बैङ्कको शर्त बमोजिम कार्य गरुञ्जेल बैङ्कसँगको सम्बन्ध समधुर हुन्छ । कारोबार गर्दाको सर्तमा विचलन आएमा तिक्तता पैदा हुन्छ । अहिले कतिपयले कर्जा नतिर्ने उद्घोष र तिर्नेलाई खबरदारी गरिरहेका छन् । बजारमा ऋण मिनाहाका हल्ला पनि पिटाइएका छन् । डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा कृषि बैङ्कबाट प्रदान गरिएका रु. ३० हजारसम्मको कर्जाको साँवा ब्याज नै र रु. एक लाखसम्मको सम्पूर्ण ब्याज मिनाहा गरिएको थियो । यसबाट बैङ्कको खराब कर्जा राफसाफ गर्न सहज त भयो तर अर्कोतिर राज्यलाई थप व्ययभार थपिनुका साथै कर्जा नतिर्दा मिनाहा भइहाल्छ कि भन्ने मानसिकताको विकास गरायो । ततपश्चात् सरकारी बैङ्कहरूले बेलाबेलामा ब्याज छुटका प्याकेजहरू ल्याउने गरेको पाइन्छ ।

काबु बाहिरको परिस्थितिले समस्यामा परेका ग्राहकलाई राहत दिइनु न्यायोचित हुन्छ, तर सबैलाई एउटै डालोमा राखेर सुविधा दिन किमार्थ हुँदैन । कोभिडको समयमा नेपाल राष्ट्र बैङ्कले सहुलियत र सुविधा दिएकै हो । अहिलेको अवस्थालाई ध्यानमा राख्दै आर्थिक वर्ष २०७८/०७९ को मौद्रिक नीतिमा कर्जाको भुक्तान गर्नुपर्ने साँवा/ब्याज भाखा नाघेको एक महिनाभित्र तिरेमा पेनल ब्याज लिन नपाइने र साना मझौला उद्योग व्यवसायलाई सहजीकरण गर्न २०७९ पुस मसान्तमा सक्रिय वर्गमा रहेको रु. दुई करोडसम्मको कर्जालाई विश्लेषणको आधारमा २०८० असारभित्र पुनर्संरचना/पुनर्तालिकीकरणको व्यवस्था गरिएको छ । अहिलेको मन्दीमा उद्योग/व्यवसायलाई जीवित राख्न थप सहजीकरणको नीति जरुरी छ ।

बैङ्किङ क्षेत्र पनि कमजोरीमुक्त छैन । नियामक निकायका रूपमा रहेको नेपाल राष्ट्र बैङ्कले पर्याप्त अनुगमन गर्न नसकिरहेको गुनासो छ । एउटै ऋणीलाई दर्जनौं लघुवित्तले कर्जाको भार बोकाएको र ताकेता एवम् दबाबबाट जोगिन ऋणीहरू घर छाडेर हिँडेको समाचार बाहिरिए । त्यसपछि मात्र गएको फागुनमा राष्ट्र बैङ्कबाट दोहोरो कर्जा लिन नपाइने निर्देशन जारी गरियो । कर्जा लिने र दिनेले व्यक्तिगत र परियोजनागत क्षमताको आधारमा निर्णय गर्नुपर्छ । अझ विपन्न परिवारलाई त आवश्यकताभन्दा बढीको कर्जा ठूलो बोझ बन्न पुग्छ ।

उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह बढाउन सहुलियत कर्जाको व्यवस्था पनि गरिएको छ । तथ्याङ्कले उक्त क्षेत्रमा बढेको पनि देखाउँछ । कुल गार्हस्थ उत्पादन बराबर कर्जा प्रवाह भएको देखिन्छ । तर, उद्योग फस्टाउन सक्दैन । न त रोजगार सिर्जना हुन सकेको छ, न त आयात प्रतिस्थापन । यसले कर्जा दुरुपयोग त भएको छैन भन्ने प्रश्नलाई पर्याप्त ठाउँ दिन्छ । कर्जा दुरुपयोग रोक्न चालू पुँजी कर्जामा गरिएको कडाइमा उद्योगी-व्यवसायीको रोइलोपछि राष्ट्र बैङ्क लचकता अपनाउन बाध्य भयो । विगतमा घर/जग्गामा गरिएको लगानीले दिन दुई गुणा रात चौगुणा प्रतिफल दिन्छ भन्ने मान्यताले प्रश्रय पाएकै हो । राजनीतिज्ञदेखि कर्मचारीसमेत यसमा होमिएकै हुन् । नत्र एक जनालाई दस टुक्रा घडेरी किन चाहियो ? विगतदेखि अनुत्पादक क्षेत्रमा भएको लगानीको परिणति हामीले अहिले भोग्दै छौं ।

बैङ्कले माग अनुसार कर्जा दिन नसक्दा घर/जग्गाको कारोबारमा समेत मन्दी छाएको छ । धितो भएमा ढिलो चाँडो असुली भइहाल्छ भन्ने मान्यता बोकेका बैङ्कहरू पनि अहिले सम्पत्ति लिलाम बिक्रीको सकसमा छन् । हाल छताछुल्ल भएको असन्तोष, आक्रोशलाई मत्थर पार्न हामी सबैले अनुत्पादक क्षेत्रमा रमाउने प्रवृत्ति त्याग्न सक्नुपर्छ । अर्थतन्त्रका बाह्य प्रभावलाई मात्र दोष दिएर हामी उम्कन सक्दैनौं । कोभिड र रुस-युक्रेन युद्धले आत्मनिर्भरताको विकल्प छैन भन्ने पाठ मजैले सिकाएको छ । अझै पनि अलमल गर्ने हो भने उद्योग/व्यवसाय मात्र हैन, बैङ्किङ प्रणालीमा नै थप सङ्कटमा मडारिन सक्छ । गोप

पोखरेल कृषि विकास बैङ्कका पूर्व विभागीय प्रमुख हुन् ।

समाजसेवामा सक्रिय ओमप्रकाश सरावगी

राजेश ढुंगाना

बुबा स्व. सरजमल र आमा स्व. दुर्गादेवी सरावगीको पहिलो सन्तानको रुपमा वि.सं.२००० साल फागुनमा भद्रपुरमा ओम सरावगीको जन्म भएको हो । उहाँका बुवा नेपाल प्रजापरिषद्को झापा जिल्ला अध्यक्ष र केन्द्रीय सदस्य हुनुहुन्थ्यो । मेची पुल निर्माण समितिको अध्यक्षका रुपमा सिमरादेखि काठमाडौंको प्लेन दुर्घटनामा उहाँको २०१४ मा निधन भयो । जसमा नेपाली काग्रेसका प्रसिद्ध नेता एन.डी.प्रकाश चटौत पनि पर्नु भएको थियो भने यो नेपालकै पहिलो प्लेन दुर्घटना थियो ।

परिवारमा भाइहरु नन्दकिशोर सरावगी र देवानन्द सरावगी एवम् बहिनीहरु विमला र उर्मिला रहेका छन् । सानै उमेरदेखि राजनीति, समाजसेवा र खेलकुदमा रुची थियो । अहिलेको भद्रपुर हाइस्कूललाई त्यतिबेला श्री पद्मोदय हाइस्कूल भनिन्थ्यो, २०३१ सालमा कक्षा १० मा पढ्दै गर्दा सरावगी विद्यार्थी संघको अध्यक्ष हुनुभयो । त्यसपछि राजनीति, समाजसेवा र खेलकुदमा मैले पछाडि फर्केर हेर्नु परेन । त्यसपछि भद्रपुर नगरपालिकाको वडाध्यक्ष (२०२१), २०२७ सालमा फेरि वडाध्यक्ष, २०२९ सालमा निर्विरोध प्रधानपञ्चमा निर्वाचित हुनुभयो भने त्यतिबेला गाउँ फर्क आएपछि उपप्रधान पञ्च बनाइयो । बालिग मताधिकारको आधारमा २०४३ सालमा फेरि प्रधानपञ्च हुनुभयो । जसमा ७२.४ प्रतिशत मत प्राप्त गर्नुभएको थियो । सम्भवतः यो त्यतिबेलाको नेपालकै रेकर्ड हो ।

त्यसपछि २०४६ सालदेखि नेपाली कांग्रेसको साधारण सदस्य, पहिलो आमनिर्वाचन प्रचार समितिको महासचिव, जिल्ला समिति सदस्य, महाधिवेशन प्रतिनिधि, महासमिति सदस्यका रुपमा सक्रिय रहनुभयो । त्यसपछि पहिलो प्रदेश सभामा सांसद हुनुभयो । ज्येष्ठताको आधारमा ९२ जना सांसदलाई सपथ खुवाइएको थियो । तीन पटक सभामुखको भूमिका निर्वाह गर्दै प्रदेश सभाको आर्थिक समितिको सदस्य र पछि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रि समेत हुनुभयो ।

वि. सं. २०१४ सालदेखि २०१६ सालसम्म फुटबलमा बी. टीमको खेलाडी, ब्याटम्यान्टिनमा दुई पटक जिल्ला च्याम्पियन, २०१७ सालमा भद्रपुर फुटबल एशोसिएसनको सचिव र २०२६ देखि २०४० सालसम्म मेची अञ्चल खेलकुद विकास समितिको सदस्य रहेर स्टेडियम निर्माणमा विशेष भूमिका निर्वाह गर्नुभयो । नेपाल क्रिकेट संघ (CAN)को संस्थापक उपाध्यक्ष भएर १२ वर्षसम्म काम गर्नुभयो । त्यसपछि भद्रपुरमा हुने त्रिभुवन मेमोरियल गोल्डकप (२०४८)को अध्यक्षका रुपमा समेत काम गर्नुभयो । झापा जिल्लाका खेलाडीहरुमा एकमात्र जीवित खेलाडी सरावगी पनि हुनुहुन्छ ।

वि. सं. २०२३ सालमा भद्रपुर मिल्स एशोसियसनको जिल्ला सभापति, २०२५ सालमा भद्रपुर मर्चेण्ट एशोसियसनको अध्यक्ष, नेपाल उद्योग बाणिज्य संघको केन्द्रीय सदस्य हुनुभयो । नेपाल रेडक्रस सोसाइटीको संस्थापक उपाध्यक्ष हुनुभयो भने दोम्रो कार्यसमितिमा अध्यक्ष भएर केन्द्रीय दैवीप्रकोप उद्धार समितिको केन्द्रिय सदस्य तथा नेपाल परिवार नियोजन संघमा पनि आवद्ध रहनुभयो । उहाँले बालमन्दीरमा योगदान पुऱ्याउनुभएको छ । सूर्योदय जेसीजको सदस्य र हाल मानार्थ सदस्य हुनुहुन्छ । त्यसैगरी लायन्स क्लव अफ भद्रपुरको संस्थापक अध्यक्ष (चार्टर प्रेसिडेण्ट), सल्लाहकार, प्रमुख सल्लाहकार हुँदै हाल डिष्ट्रिक 5 to C को ब्राण्ड एम्बेसडर हुनुहुन्छ ।

त्यसैगरी भद्रपुर मारवाडी संघको संस्थापक अध्यक्ष, नेपाल भारतमैत्री संघको संस्थापक अध्यक्ष, पूर्वाञ्चल उपाध्यक्ष, त्यसपछि बरिष्ट केन्द्रिय उपाध्यक्ष भएर हालसम्म तीन पटक केन्द्रीय अध्यक्ष हुनुभयो । मेची बहुमुखी क्याम्पस समितिको संस्थापक सचिव र हाल पनि सदस्य रहनुभएका सरावगी मेची अञ्चल अस्पतालको दुई पटक अध्यक्ष भएर भारतीय दुतावासको सहयोगमा प्रसूती गृह बनाउन पहल गर्नुभयो । त्यसअघि भद्रपुर माध्यमिक विद्यालयको एक पटक सदस्य र अध्यक्ष भएर काम गर्नुभयो । त्यसैगरी भद्रपुर गौशालाको चार वर्षसम्म अध्यक्ष हुनुभयो भने भद्रपुर कृष्ण मन्दीरको तीन वर्षसम्म अध्यक्ष पनि हुनुभयो । त्यसैगरी भद्रपुर दूर्गा मन्दिरको सदस्य र तीन वर्षसम्म अध्यक्ष हुनुभयो भने चार वर्षसम्म भद्रपुर पुस्तकालयको अध्यक्ष पनि रहनुभयो ।

सरावगी भन्नुहुन्छ अनुगमन र व्यवस्थापनमा जोड दिन जरुरी छ । सहकारी मार्फत निम्न आय भएका व्यक्तिलाई व्यापक रोजगारी दिन सकिन्छ । सरावगी भन्नुहुन्छ- 'के गर्न सकें के गर्न सकिनँ, त्यो भने मैले भन्ने भन्दा अरुले मूल्यांकन गर्ने कुरा हो । तर, जीवनको यो उत्तरार्द्धमा पनि केही गरौं भन्ने जोश, जाँगर र आँट भएरै अहिले पनि सामाजिक सेवामा र राजनीतिबाट विश्राम नलिएर सक्रिय छु ।'

बिर्तामोडमा जग्गाको कित्ताकाट खुल्यो

बिर्तामोड, चैत १३। बिर्तामोड नगरपालिकाको जग्गा कित्ताकाट खुलेको छ । वडा नम्बर १ देखि ५ सम्मका जग्गाको कित्ताकाट आइतबारबाट खुलेको हो ।

नगरपालिकाले जग्गा वर्गीकरणका सम्पूर्ण प्रक्रिया पूरा गरेर पाँच वटा वडाको कित्ताकाट खुलाउन भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुरलाई फागुन २१ गते पत्राचार गरेको थियो । कित्ताकाटसँगै उक्त वडाहरुको जग्गाको विवरण अद्यावधिक गर्ने कार्य समेत सुचारु भएको बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपानेले जानकारी दिए । उनले वडा नम्बर ७, ८ र ९ को जग्गा वर्गीकरणको काम अन्तिम चरणमा पुगेको र वडा नम्बर ६ र १० को भने पुन सूचना प्रकाशन गरेर अन्तिम रुप दिने तयारी रहेको बताए ।

बिर्तामोड नगरपालिकाको स्थानीय भू-उपयोग परिषद्ले वडा नम्बर १ देखि १० सम्मका नागरिकको राय, सुझाव संकलन गरेर वर्गीकरणको प्रक्रियालाई अन्तिम चरणमा पुऱ्याएको हो । नगरपालिकाले स्थानीय भू-उपयोग परिषद्को सिफारिसमा भू-उपयोग ऐन २०७६ दफा ३३ र स्थानीय कार्य फर्स्यौट नियमावली २०७४ दफा ४ ले दिएको अधिकार प्रयोग गरेर जग्गा वर्गीकरण तथा विकास सम्बन्धी कार्यविधि २०७९ जारी गरेको छ ।

यस कार्यविधिमा अब बिर्तामोड नगरपालिकाभित्र जग्गा विकास सम्बन्धी योजना लागू गर्दा स्थानीय स्तरका दर्तावाला फर्महरुले आफूलाई प्राप्त अधिकारभित्र रहेर जग्गाको व्यवस्थापन गर्ने र त्यस्ता जग्गाहरुलाई पूर्व अनुमति लिएर मात्रै जग्गाको कित्ताकाट गर्ने कार्यलाई अगाडि बढाउने उल्लेख गरिएको छ । कार्यविधिमा अब कित्ताकाट हुने जग्गाहरुको मोहडा कम्तिमा ३३ फुट र त्यसको तीन गुणासम्म मात्र पछाडि लम्बाई रहने व्यवस्था समेत गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले विगतदेखि रोकीएको जग्गाको कित्ताकाट खुलेपछि किनबेच र आफ्नो घरायसी व्यवहार मिलाउन आफ्नो जग्गा बिक्री गर्न सकिने परिस्थिति बनेको बताए । उनले नगरले निर्माण गरेको कार्यविधिमा वर्षमा एक जना व्यक्तिले एउटा जग्गामा तीन पटकसम्म कित्ताकाट गर्न पाउने र बढीमा चार पटकसम्म बिक्री-वितरण गर्न पाउने व्यवस्था गरेको बताए । उनले आफ्नो जग्गाधनी पूर्जाहरु पनि अद्यावधिक गर्नुपर्ने बताए । अद्यावधिक गर्दा जग्गाहरु वर्गीकरण गरीएको क्षेत्रमा राखिने बताए । नगरपालिकाले प्राप्त गरेको नक्सामा केही व्यक्तिहरुको जग्गाको विवरण डाटामा समावेश नभएको पनि हुन सक्ने भएकाकारण यस्ता नक्साहरुको विषयमा कार्यालयमा रहेको डिजिटल नक्सालाई हेरेर अमिनले अन्तिम निकाश दिने जनाएको छ ।

सरकारले गत जेठमा भू-उपयोग नियमावली लागू गर्दै स्थानीय तहलाई जग्गा वर्गीकरणको अधिकार दिएको थियो । उक्त नियमावली अनुसार जग्गाको वर्गीकरण नगरी कित्ताकाट गर्न नपाउने व्यवस्था गरिएको थियो । त्यसमा नेपालको जग्गालाई विभिन्न १० खाले समूहमा वर्गीकरण गरिएको छ । ती समूहमा कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्व र सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र छन् ।

वर्षा भएपछि किसान उत्साहित

ताप्लेजुङ, चैत १३। लामो समयसम्म वर्षा नहुँदा सास्ती खेप्दै आएका ताप्लेजुङका किसान अहिले भने उत्साहित भएका छन् ।

प्रायः प्रत्येक साँझ-बिहान वर्षा भएसँगै अन्नबाली फष्टाउन सहयोग पुग्ने भएपछि किसान उत्साहित भएका हुन् । फक्ताङलुङ गाउँपालिका-६ का सन्तकुमार लिम्बू अहिले अलैंची बगानमा सिँचाइ गर्न नपरेकाले सदरमुकाम फुङ्लिङ बजारमा आइपुगे ।

कात्तिकको तेस्रो सातादेखि उनी प्रायः अलैंची बगानमै बिहानदेखि बेलुकासम्म अलैंची बगानमै व्यस्त हुने गरे पनि गत सातादेखि दैनिकजसो साँझ-बिहान वर्षा भएसँगै उनलाई फुर्सद मिलेकाले अहिले सदरमुकाम आएका हुन् । सोही गाउँका बसन्त फेम्बू पनि अहिले फुर्सदिला भएका छन् । नियमित वर्षा हुन थालेसँगै पानी पटाउन नपरेकाले आफूलाई पनि फुर्सद मिलेको उनले बताए ।

पहाडी क्षेत्रका किसान अहिले अन्न छर्न व्यस्त छन् । विशेष गरेर फागुन तेस्रो सातादेखि वैशाखसम्म मकै रोप्ने गरिन्छ । पहाडी क्षेत्रको मुख्य बाली मकै हो । मकै रोप्ने समय साँझ-बिहान वर्षा हुन थालेसँगै यहाँका किसानमा ठूलो राहात मिलेको सिरिजङ्गा गाउँपालिका-६ मामाङ्केका रणबहादुर लिम्बूले बताए ।

लामो समयसम्म वर्षा नहुँदा हिउँदे बाली सुक्दै गएपछि चिन्तित भएका मेरिङ्देन गाउँपाकिाका-६ का विमना लिम्बू पनि वर्षा भएकाले अहिले भने उत्साहित भएका हुन् । लामो समयसम्म सुख्खा मौसम रहेसँगै पछिलो समयमा वर्षा हुन शुरु भएकाले यहाँका किसान भने खुशी भएका छन् ।

हिउँदेबालीमा सिँचाइ पुगेकाले अन्न उत्पादनमा कमी नहुने फक्ताङलुङ गाउँपालिका-६ विर्ख लिम्बूको भनाइ थियो । लामो समयसम्म वर्षा नहुँदा हिउँदेबाली लगाउन किसान निकै चिन्तित भएकामा अलिक ढिलो भए पनि वर्षा भएकाले चिन्ता उत्साहामा रुपान्तरण भएको किसान उनले बताए । लामो समयसम्म हिमपात र वर्षा नहुँदा पशुचौपायको आहारामा समेत समस्या हुँदै आएको थियो । सुख्खा समयमा घाँसपात सबै सुकेर गएसँगै पशुपालकहरुलाई सास्ती खेप्नु परेको थियो ।

विगतका वर्षहरुमा समयमै हिमपात र वर्षा भएकामा यस वर्ष भने हिमाली क्षेत्रमा खासै हिमपात र वर्षा पनि भएन । हिमपात र वर्षा नहुँदा चौंरी-याक पालकलाई निकै चिन्ता भएको याक पालक फक्ताङलुङ गाउँपालिका-७ याङमा गाउँका ढावा शेर्पाले बताए ।

वर्षा हुन थालेसँगै हरियो घाँसपात उम्रने भएकाले पशुपालक पनि उत्साहित भएका हुन् । पछिल्लो समय वर्षा हुन थालेसँगै धुलाम्मे बाटोमा यात्रा गर्ने यात्रुहरुलाई सास्ती खेप्नु नपरेको गाडी चालक ज्ञानेन्द्र केदेमले बताए ।

राँके-रवि-भेडेटार सडक : २५ प्रतिशत प्रगति

इलाम, चैत १३। पूर्वी नेपालका चार जिल्लालाई जोड्ने राँके-रवि-भेडेटार सडक निर्माण ५० महिनाका अवधिमा २५ प्रतिशत प्रगति भएको छ ।

१४ महिनाअघि निर्माण सम्पन्न हुनुपर्ने सडक निर्माणका क्रममा ट्याक विस्तार गर्ने, पर्खाल हाल्ने तथा ढलानको तयारी गर्ने कार्य भइरहेको छ । सङ्घीय सडक डिभिजन कार्यालय इलामका प्रमुख विदुर पोखरेलका अनुसार निर्माण कार्यमा करिब चार वर्षको अवधिमा १८ प्रतिशत भौतिक प्रगति भएको थियो । पछिल्ला तीन महिनामा निर्माण कम्पनीले थप सात प्रतिशत भौतिक प्रगति हासिल गरेको पाइएको उनले बताए ।

ठेक्का पाएको भारतीय निर्माण कम्पनी एप्को इन्फ्राटेक प्रालिले पछिल्लो समय नेपाली निर्माण कम्पनीको सहायता लिई निर्माण अघि बढाएपछि थप प्रगति देखिएको हो । अहिले उक्त सडकको पाँचथर र इलाममा पर्ने राँके-रवि खण्डको २८ किलोमिटरमा सडकको ट्याक विस्तार गर्ने तथा पर्खाल हाल्ने कार्य भइरहेको छ ।

त्यस्तै धनकुटामा पर्ने छ नम्बर बुधबारे बजार-भेडेटार खण्डमा ट्याक विस्तारको कार्य सम्पन्न भई कालोपत्रका लागि 'बेस' हाल्ने कार्य शुरु भएको डिभिजनका प्रमुख पोखरेलले बताए । सडकको एक सय एक किलोमिटर मध्ये सन् २०२३ भित्र ५० किलोमिटर कालोपत्र सम्पन्न गर्ने निर्माण कम्पनीको प्रतिबद्धता रहेको उनको भनाइ छ ।

पचास महिनाको अवधिमा यो सडक निर्माणका लागि तीन पटक म्याद थप भइसकेको छ । सन् २०१८ नोभेम्बर १ मा तीन वर्ष अर्थात् २०२१ डिसेम्बर २ भित्र निर्माण सम्पन्न गर्ने गरी भारतीय निर्माण कम्पनी एप्को इन्फ्राटेक प्रालिसँग सम्झौता भएको थियो ।

निर्धारित अवधिमा निर्माण कम्पनीले करिब १४ प्रतिशत भौतिक प्रगति हासिल गरेको थियो । निर्माण कम्पनीले निर्माण कार्यका लागि पर्याप्त जनशक्ति र उपकरणको परिचालन गर्न नसक्दा काम अघि बढ्न सकेको थिएन भने अवरोध हटाउन आवश्यक समन्वय समेत हुन सकेको थिएन ।

वडा खेलकुद समिति गठन

बिर्तामोड, चैत १३। बिर्तामोडको वडा नम्बर ७ र १० मा वडा खेलकुद समिति गठन भएको छ ।

नगर खेलकुद विकास समितिले नगरका सबै वडामा पुगेर वडासमिति गठन गर्दै आएको हो । वडा नम्बर ७ मा नरेश संग्रौलाको अध्यक्षतामा ११ सदस्यीय समिति गठन भएको हो । समितिको उपाध्यक्षमा दिपक कार्की, बबिता श्रेष्ठ, सचिव विशाल लिम्बू, सदस्यहरु सरोज बराल, विजय रसाइली, सन्दीप टुडु, इशार्द महोम्मद, गंगा संग्रौला, सुदेश मगर र टीका सुब्बा रहेका छन् ।

यस्तै वडा नम्बर १० मा सुरेन्द्र तुम्रोकको अध्यक्षतामा १० सदस्यीय समिति गठन भएको छ । जसको उपाध्यक्षमा खड्गबहादुर गुरुङ, समिर कटुवाल, सचिवमा नरेन तामाङ तथा सदस्यहरुमा सरन गुरुङ, जीवन राई, दुर्लभ तिवारी, अरुण गुरुङ, विमल कन्दङ्वा रहेका छन् । यस समितिमा दुई जनापछि मनोनित गरिने नगर खेलकुद विकास समितिका अध्यक्ष विकास गिरीले जानकारी दिए ।

वडा समिति निर्माणमा वडा नम्बर ७ मा वडाध्यक्ष कृष्णप्रसाद खरेल (अविरल), नगर उपाध्यक्ष आइतमाया शेर्मा लिम्बू लगायत विभिन्न संघ-संस्थाका प्रतिनिधि र स्थानीय खेलाडीहरुको उपस्थिति रहेको थियो । त्यस्तै वडा नम्बर १० मा वडाध्यक्ष दुर्योधन गुरुङ, नगर अध्यक्ष विकास गिरी, उपाध्यक्ष सन्तोष गुरुङ, सचिव बिशन लिम्बू लगायत विभिन्न संघ-संस्थाका प्रतिनिधि र स्थानीय खेलाडीहरुको उपस्थिति रहेको थियो । बाँकी रहेका वडाहरु ५ र ६ मा पनि चाँडै समिति गठन गरिने नगर खेलकुद विकास समितिका सचिव बिशन लिम्बूले बताए ।

नगर खेलकुद विकास समितिले बिर्तामोडमा सुपर सिक्स क्रिकेट र पब्जी खेलको तयारी गरिरहेको छ । यसलाई व्यवस्थित बनाउनका लागि आवश्यक तयारीमा जुटीरहेको नगर खेलकुद समितिका सदस्य विशाल अग्रवालले जानकारी दिए ।

बुधबारे जेसीजको स्थापना दिवसमा रक्तदान

बुधबारे, चैत १३। बुधबारे जेसीजको १२औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

सन् २०१२ मा स्थापना भएको बुधबारे जेसीज ११ बर्ष पूरा गरी १२औं बर्षमा प्रवेश गरेको हो । बुधबारे जेसीज बर्ष २०२३ का अध्यक्ष अर्जुन ढकालको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि बुधबारे जेसीजका संस्थापक अध्यक्ष प्रकाश शिवाकोटी रहेका थिए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी उपशाखा बुधबारेका अध्यक्ष पुष्प भट्टराई लगायतको आतिथ्य रहेको थियो । कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन् ।

झापामा निरन्तर भइरहने रगतको अभावलाई मध्यनजर गर्दै रक्तदान कार्यक्रमको आयोजना गरिएको कार्यक्रम संयोजक शितल तिम्सिनाले बताए । रक्तदान कार्यक्रमलाई नेपाल रेडक्रस सोसाइटी झापाले प्राविधिक सहयोग गरेको थियो ।

बिमालेख हरायो

बिर्तामोडबाट लहान जाने क्रममा यही मिति २०७९/१०/२५ गते मेरो निम्न व्यहोराको गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- सियाकुमारी चौधरी
ठेगाना:- सप्तकोशी नपा-०७, सप्तरी
पोलेसी नं.:- ०२३००१५९१७
कम्पनी नाम: गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि.
सम्पर्क: ९८४०९८३४७४

डिजिटल तराजु
विशेष छुटमा

Barnet Weighing Scale
सुरुङ्ग कनपा-३, झापा
Mob. 9810405794, 9802742456

बिशेष उपचार अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टरमा

उपचार हुने समस्याहरु: नशा च्यापिएको, कम्मर, गर्दन, घुडा दुख्ने, प्यारालाइसिस, मुख बाङ्गिएको, बाथ, युरिक एसिड, पायल्स, फिसर, फिस्टुला, ग्याष्ट्रिक, कब्जियत, पिनास, खोकी, थाइराइड, कोलेस्ट्रोल, छालाको समस्या, यौन समस्या, मृगौलाको पत्थरी, जन्डिस आदि ।

थप जानकारीक लागि :
बिर्ता आयुर्वेद एण्ड फिजियो थेरापी सेन्टर
बिर्तामोड-झापा, राजगढ बस स्टेण्ड दक्षिण (फोन नं.: ०२३-५३२३६६/९८०६०००३१३)
अष्टाङ्ग आयुर्वेद फार्मेसी ०२३-५९०१६६

छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् !
७ बार १२ महिना संचालनमा
धिमिरे अफसेट प्रेस
अतिथिसत्कार उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८५४०३६३४४

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोट: यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपालको

सूचना ! सूचना !! सूचना !!!

बिर्तामोड नगरपालिकाको आर्थिक ऐन बमोजिम बुझाउनुपर्ने सम्पत्ति कर तथा भूमि कर (मालपोत) र व्यवसाय कर समयमा दाखिला नभई तिर्न बाँकी रहेको बक्यौता रकममा लाग्ने जरिवाना आर्थिक ऐन २०७९ (दोस्रो संशोधन) ऐन, २०७९ को दफा २ को व्यवस्था बमोजिम २०८० साल वैशाख मसान्तसम्म बुझाएमा शतप्रतिशत छुट हुने भएकाले उक्त समयभित्र कर तिरी छुट सुविधाको लाभ लिनहुन समेत सम्बन्धित सबै करदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विनोदकुमार न्यौपाने: प्रमुख प्रशासकीय अधिकृत

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
आज तपाईको पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
आजको दिन मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
आजको दिन सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, तपाई आज सतर्क रहनुहोला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा बिचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
आज तपाईको दिन शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइको समय उत्तमसिद्धी रहेको छ ।